# प्रथम अध्यक्षता र भेटगर्ने शिक्षिकाका सन्देशहरू,अगस्ट २०१२

## प्रथम अध्यक्षताको सन्देश, अगस्ट २०१२

## सेवा गर्न मुक्तिदाताको बोलावट

**अध्यक्ष थोमस एस मनसनद्वारा**

गणित पढेका सबैलाई एउटै हर भनेको के हो भन्ने थाहा छ । पछिल्ला दिनका सन्तहरूका लागि एउटा हर छ जसले हामीलाई बाँधेको हुन्छ । त्यो हर भनेको हामी प्रत्येकले यो प्रिथ्वीमा परमेश्वरको राज्यमा परिपुर्ती गर्न माएको जिम्मेवारीको वोलावट हो ।

तपाईलाई बोलावट आउँदा के तपाई कहिल्यै गुनगुनाएर गल्ती गर्नुभएको छ ? वा के तपाई स्वोगीय पिताले आफुले बोलावट गर्नेलाई आषिशीत गर्नु हुन्छ भन्ने थाहा पाएर तपाईका दाजुभाइहरू र दिदीबहिनीहरूलाई सेवा गर्ने प्रत्येक अवसरलाई धन्यबाद-ज्ञापन गरि स्वीकारनुहुन्छ ?

मलाई आशा छ की हामीले सेवा गर्ने महत्वपूर्ण अवसरहरूको सहि उदेश्य हाराउने छैनौं । त्यो उदेश्य, त्यो अनन्त लक्ष्य त्यहि हो जुन परमप्रभुले बोलनुभएको र बहुमूल्य मोतीमा पाइन्छः किनभने हेर्नुहोस्, यो मेरो काम र मेरो महिमा हो - मानिशको अमरोत्व र अनन्त जिवनलाई सिद्ध गर्नु ।

यो कुरा हामी सधै याद राखौं की येशू ख्रिष्टको पछिल्ला दिनका सन्तहरूको चर्चको सदस्यताको आवरण भनेको आरामदायी लुगा होइन बरु जिम्मेवारिको बस्त्र हो । हाम्रो दायीत्व, आफैलाई मुक्ति दिलाउनुको अलवा अरूलाई परमेश्वरको राज्यसम्म डोऱ्याउनु हो ।

इच्क्षापूर्वक परमेश्वरको सेवाको बाटो हिंडेमा, हामी कहिले पनि शेक्सपिएरको कारडिनल वलसीको आवस्थामा हुने छैनौं ।

यदि मैले मेरो परमेश्वरलाई मेरा राजालाई सेवा गरेको आदि उत्साहले

सेवा गरेको भए, उहाँले मेरो यो उमेरमा मलाई

मेरो यो उमेरमा नाङ्गै छोड्नुहुने थिएन । २

स्वोंले कस्तो सेवाको माग गर्दछ ? ‘‘परमेश्वरले हृदय र इच्छुक मनको माग गर्नु हुन्छ र इच्छुक र आज्ञाकारीले अन्तिम दिनमा सियोनको भुमीको फल खानेछ ।’’ ३

म रोकिन्छु जब म अध्यक्ष जोन तेलरका कुराहरू सोच्छु (१८०८-८७): ‘‘यदि तपाईले आफ्नो बोलावटलाई बढाउन भएन भने, परमेश्वरले तपाइलाई ती ब्यक्तिहरूका लागि जिम्मेवारी ठहऱ्याउनु हुनेछ जोले मुक्ति पाउथे यदि तपाईले आफ्नो दायित्व पुरा गरेको भए ।’’ ४

येशुको जिवन एउटा असलपना खोचने चम्किलो लाइट जसतै हो जब उहाँ मानिसका माझमा सेवा गर्नु भएको थियो । ‘‘म तिमीहरूका माझमा सेवकका रूपमा रहेको छु,’’ ५ येशुले घोषणा गर्नुभयो जब उहाँले अपांगका पाखुरालाई शक्ति दिनुभयो, अन्धाका आँखाहरूलाई दृश्य दिनुभयो, बहिराका कानहरूलाई सुन्ने क्षमता दिनुभयो, र मृतकको शरिरलाई जिवन दिनुभयो ।

असल समारीको दृष्टान्तले येशुले हामीलाई आफ्ना छिमेकीलाई आफुलाई जतिकै माया गर्नुपर्छ भनेर सिकाउनु भएको छ । ६ त्यो जवान शासकलाई दिएको उत्तरले उहाँले हामीलाई स्वोथपना फल्न सिकानुभयो । ७ ५०० लाई खुवाएर उहाँले हामीलाई अरूको आवश्यक्तालाई हेर्नु पर्ने सिकाउनुभयो । ८ र त्यो डाँडामा दिएको उपदेशले हामीलाई परमेश्वरको राज्य खोजी गर्ने कार्यलाई पहिलो स्थान दिनु पर्छ

भनेर सिकाउनुभयो । ९

नयाँ संसारमा, पुनरुत्थान हुनुभएका परमप्रभुले घोषणा गर्नुभयो, " तिमीहरूले मेरो चर्चमा के गर्नु पर्छ भन्ने कुरा तिमीहरूलाई थाहा छ; किनभने तिमीहरूले मैले जे गरेको देखेका छौ तिनै तिमीहरूले गर्ने छौ; किनभने तिमीहरूले मैले जे गरेको देखेका छौ त्यहि नै गर्ने छौ ।" १०

हामीले अरूलाई आशिषीत गर्छौ जब हामीले नाजरेतका येशूको छाँयामा रहेर सेवा गर्छौं...जसले असल काम गर्दै हिडे ।" ११ जब हामीले उहाँका सन्तानलाई यो प्रिथ्वी सेवा गर्छौं परमेश्वरले हामीलाई स्वोगीय पितालाई सेवा गर्दा खुसी प्राप्त गर्न आशिष दिनुहुन्छ ।

सूची

१. Moses 1:39.

२. विलियम शेकस्पियर, *King Henry the Eighth*, अंक ३, दृश्य २, हरफ ४५६-५८ ।

३. सिधान्त र करार ६४:३४

४. र्च्चका अध्यक्षहरूका शिक्षाः जोन टेलर (२००१), १६४ ।

५. लुका २२:२७

६. लुका १०:३०-३७ हेर्नुहोस्; मत्ति २२:३९ पनि हेर्नुहोस् ।

७. मत्ति १९:१६-२४; मर्कूस १०:१७-२५; लुका १८:१८-२५ हेर्नुहोस् ।

८. मत्ति १४:१५-२१; मर्कूस ६:३१-४४; लुका ९:१०-१७; जोन ६:५-१३ हेर्नुहोस् ।

९. मत्ति ६:३३ हेर्नुहोस् ।

१०. ३ नेफि २७:२१ ।

११. प्रेरित १०:३८ ।

यो सन्देशबाट पढाउने

"परमप्रभुले हामीलाई असफ हुन दिनुहुन्न यदि हामीले हाम्रो काम गऱ्यौं भने । उहाँले हामीलाई हाम्रो खुबी र क्षमता भन्दा धेरै काबील बनाउनु हुनेछ । ...यो मानिसले प्राप्त गर्ने अनुभुतिह एउटा सबै भन्दा मिठो हो ।" (एज्रा टेफ बेन्सन, *Teaching, No Greater Call* मा(१९९९), २०) । तपाई वा तपाईले चिनेको कसैको अनुभवलाई बाड्ने विचार गर्नुहोस् जब उहाँले आफ्नो खुबीहरू र क्षमताहरूलाई परमप्रभुले बडाई दिनुभएको महसुस गर्नुभएको थियो । त्यो परिवारलाई "सेवा गर्न मुत्तिदाताको बोलावटलाई" स्विकारदा भएका आफ्ना सकरात्मक अनुभवहरू बाँड्न आमन्त्रण गर्नुहोस् ।

© 2012 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/११ । अनुवाद अनुमोदनः ६/११ । First Presidency Message, August 2012 को अनुवाद । भाषा Nepali 10368 -372

# भेटगर्ने शिक्षिकाका सन्देश,अगस्ट २०१२

## आवश्यकताको समयमा निर्णय लिने

प्रार्थनापूर्वक यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीबनको एक सक्रीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् ।

भेटगर्ने शिक्षिकाको नाताले हाम्रो उदेश्यहरू मध्य एउटा हो परिवारहरू र घरहरूलाई बलियो बनाउन सहयोग गर्नु हो । हामीले भेट गर्ने दिदीबहिनीहरूले, "यदि मलाई समस्या पर्‍यो भने, मलाई थाहा छ मेरो भेटगर्ने शिक्षिकाहरूले मैले सहयोग मागने समय नकुरि सहयोग गर्ने छन् ।" सेवा गर्नको लागि, हामीले भेट गर्ने दिदीबहिनीहरूको आवश्यक्ताहरूलाई ध्यान दिनु पर्ने जिम्मेवारी हुन्छ । जब हामीले प्रेरणाको खोजी गर्छौं, हामीलाई भेट गर्न जिम्मेवारी दिएके हरेक दिदीबहिनीको आत्मिक र भौतिक आवश्यक्ताहरूलाई कसरी सम्बोधन गर्ने भन्ने थाहा पाउने छौं । त्यस पछि हाम्रो समय, सिपहरू, आस्थाका प्रार्थनाहरू र आत्मिक र भावात्मकको सहायता लिएर, हामीले बिरामीको समयमा, मृत्यू र अरू विशेष समयहरूमा सहानुभूतीपूर्ण सेवा दिन सक्छौं । १

भेटगर्ने शिक्षिकाहरूको रिपोर्टका सहायताले रिलिफ सोसाइटीको अध्यक्षताले शारिरीक वा भावात्मक बिरामी, अपर्झटहरू, जन्महरू, मृत्यूहरू, असक्षमता, एक्लोपन वा अरू जुनौटीहरू कसलाई विशेष आवश्यक्ता छ भन्ने पत्ता लगाउछन् । रलिफ सोसाइटीका अध्यक्षले त्यो कुरालाई विशप सामु पेश गर्नुहुन्छ । विशपको निर्देशनमा, उहाँले सहायता मिलाउनु हुन्छ । २

"हामी माथी दिइएको आशिष, यो माहान कामलाई सफल पार्न हामीलाई परमेश्वरको औजार बनाइएकाले" हामी भेटगर्ने शिक्षिहरूमा "रमाउने धेरै कारणहरू छन्" (आल्मा २६:१,३) ।

धर्मशास्त्रहरूबाट

मत्ति २२:३७-४०; लुका १०:२९-३७; आल्मा २६:१-४; सिधान्त र करार ८२:१८-१९

हाम्रो इतिहासबाट

चर्चको सुरुवातका वर्षहरूमा सदस्यता कम र केंद्रिकृत थियो । कसैलाई आवश्यक्ता परेमा सदस्यहरूले छिटो सहयोग गर्न सक्थे । आज हाम्रो सदस्यता १४ मिलियन भन्दा बढी छ र संसार भरि फैलिएको छ । भेटगर्ने शिक्षा परमेश्वरका सबै सन्तानरूलाई सहयोग गर्ने उहाँको योजनाको भाग हो ।

अध्यक्ष हेन्री बि आइरिङ, प्रथम अध्यक्षतामा पहिलो सल्लाहकारले भन्नुभयो "अनेक्ता भएको संसारमा एउटा ठूलो चर्चमा सहायता र सहानुभूती दिने एक मात्र प्रणाली भनेको आवश्यक्तामा भएका ब्यक्तिहरू नजिक बस्ने प्रत्येक सेवकद्वारा नै हो"।

"...प्रत्येक विशप र प्रत्येक साखा अध्यक्षसँग एउटा रिलिफ सोसाइटी अध्यक्ष हनुहुन्छ जसमा उहाँ भर पर्नु हुन्छ," उहाँले अगाडि भन्नुभयो । "रिलिफ सोसाइटी अध्यक्षसँग भेटगर्ने शिक्षिकाहरू हुनुहुन्छ, जसलाई हरेक दिदीबहिनीको जुनौतीहरू र आवश्यक्ताहरू थाहा छ । उहाँले उनिहरूद्वारा ब्यत्तिहरू र परिवारहरूका हृदय बुझ्न सक्नु हुन्छ । उहाँले आवश्यक्ताहरू पुर्‍याउन र विशपलाई ब्यत्तिहरू र परिवारहरूलाई पालनपोषण गर्ने उहाँको वोलावटमा सहयोग गर्न सक्नुहुन्छ" । ३

सूचीहरू

१. *Handbook 2: Administering the Church* हेर्नुहोस् (२०१०) ९.५.१;९.६.२.

२. *Handbook 2* हेर्नुहोस्, ९.६.२.

३. हेन्री बि आइरिङ, *Daughters in My Kingdom: The History and Work of Relief Society* मा (२०११), ११० ।

थप जानकारीको लागि reliefsociety.lds.org मा जानुहोस् ।

मैले के गर्न सक्छु ?

१. के मैले मेरा उपहारहरू र खुबीहरू अरूलाई आशिषीत गर्न प्रयोग गरेको छु ?

२. के मैले हेरचाह गर्ने दिदीबहिनीहरूलाई यो थाहा छ की आवश्यक परेको बेला म सहयोग गर्न तयार छु ?

© 2012 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/११ । अनुवाद अनुमोदनः ६/११ । Visiting Teaching Message, August 2012 को अनुवाद । भाषा Nepali 10368 -372